**मिति २०७८ असार ६ गते (वि.सं. २०७८।३।६) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ११५औं बैठकका निर्णयहरु :**

**निर्णय नं १**

तुलसीपुर उपमहानगरपालिका श्रोत अनुमान तथा सिमा निर्धारण समितिको मिति २०७८।३।६ गतेको निर्णय बमोजिम तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९को लागि नगर र वडास्तरीय सिलिङ्ग तपसिल बमोजिम पारित गरी अनमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क) सामाजिक बिकास : २५ प्रतिशत नघटाई( १० प्रतिशत सम्म थप्न सकिने )

ख) पुर्बाधार बिकास :२५ प्रतिशत नघटाई ( १० प्रतिशत सम्म थप्न सकिने )

ग) बन, वातावरण तथा बिपद : १५ प्रतिशत नघटाई ( १० प्रतिशत सम्म थप्न सकिने )

घ) आर्थिक बिकास : १० प्रतिशत नघटाई ( १० प्रतिशत सम्म थप्न सकिने )

ङ) सुशासन : १० प्रतिशत

**निर्णय नं. २**

नगरबिकास कोषबाट यस उपमहानगरपालिकामा हुने सबै प्रकारका कार्यहरुको सम्पर्क,समन्वय र कार्य गर्न यस उपमहानगरपालिकाका ई. श्री पवनकुमार योगीलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उप महानगरपालिका वडा नं ११ मा सञ्चालित दामोदर मार्ग गरगरिया उरहरी सुकौरा सडक खण्ड निर्माण ठेक्का नं RIDO/DANG/NCB/W/66/076/077 निर्माणका लागि आवश्यक १५०० घन मि नदीजन्य पदार्थ तुलसीपुर उप महानगरपालिका वडा नं १२ मा पर्ने ग्वारखोला भोजपुर लहलौरा जाने पक्की पुल देखि दक्षिण तर्फबाट उत्खननको लागि Synergy Builders Pvt. Ltd. Kathmandu 3 Kuleswor ले लाग्ने राजस्व रकम रु. ४,२३,८४०।- (अक्षरुपी चार लाख तेइस हजार आठसय चालिस मात्र) मिति २०७८।०२।२५ गते कम्प्यूटर रसिद नं ३५८६ बाट बुझाइ सकेको तर यस कार्यालयबाट उत्खननको अनुमति प्रदान नगरेको हुँदा उक्त फर्मको नामबाट दाखिला भएको नदीजन्य पदार्थको उल्लेखित राजस्व रकम सम्बन्धित फर्मलाई फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं ४**

मालपोत कार्यालय तुलसीपुर दाङको मिति २०७८।०२।२० च नं ९६७१ को घर जग्गाको मूल्याङ्कन चालु आ. व. २०७७०७८ को दर यथावत राख्ने वा के कति कायम गर्नु पर्ने हो भनि पत्र प्राप्त



नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

भएकोमा चालु आ व २०७७।०७८ को घर जग्गाको मुल्याङ्कनमा कुनै परिवर्तन नगरी यथावत राख्ने निर्णय गरियो । साथै निर्णयको जानकारी सम्बन्धित कार्यालयलाई पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस तुलसीपुर उपमहानगरपालिकाका तपसिल बमोजिमका कार्यबिधिहरु परित गर्ने निर्णय गरियो ।

तपसिल

क.तुलसीपुर उपमहानगरपालिकाको कार्यसञ्चालन कार्यबिधि,२०७८

ख) तुलसीपुर उपमहानगरपालिका सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी कार्यबिधि,२०७८

निर्णय नं. ६

तपसिलको बिद्यालयको नाम संशोधन गर्ने निर्णय गरियो ।

| क.स | साबिकको नाम | हाल कायम भएको नाम | ठेगाना |
|---|---|---|---|
| १ | साम्राट ईङ्गलीस बोडिङ्ग स्कूल तुलसीपुर ३ | युनाईटेड एकाडेमी दाङ्ग प्रा.लि. | तुलसीपुर ३ |

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख